गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
कास्की, पोखरा, नेपाल

फोन नं. ०६१-५३५०८४
५३५०५६, ५३५०९५

प.सं.: २०८१/०८२
चलानी नं.: १११

मिति: २०८१/०४/२२

श्री अस्पतालहरू (११ वटै),
श्री स्वास्थ्य कार्यालयहरू (११ वटै),
श्री आयुर्वेद औषधालय/स्वास्थ्य केन्द्रहरू (११ वटै),
गण्डकी प्रदेश।

विषय : वार्षिक स्वीकृत कार्यक्रमहरुको कार्य सञ्चालन मापदण्ड, २०८१ पठाइएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस मन्त्रालय [मा. मन्त्रीस्तर] को मिति २०८१/०४/२१ को निर्णयानुसार स्वीकृत आ.व. २०८१/०८२ मा तहाँ निकायहरुबाट सञ्चालन हुने प्रदेश समानीकरण तर्फको वार्षिक स्वीकृत कार्यक्रमहरुको कार्य सञ्चालन मापदण्ड, २०८१ यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ। साथै, उक्त मापदण्ड बमोजिम कार्ययोजना बनाई कार्यक्रमहरू कार्यान्वयन गर्नु हुन र सो कार्ययोजना मन्त्रालयमा पठाउनुहुन समेत अनुरोध छ।

....
(सुरज गुरौ)
जनस्वास्थ्य प्रशासक

बोधार्थ:
श्री स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश, पोखरा।

आ.व. २०८१/८२ मा स्वास्थ्य कार्यालयहरूबाट सञ्चालन हुने स्वीकृत कार्यक्रमहरूको सञ्चालन मापदण्ड, २०८१

मिति २०८१/०४/२१ (मा.मन्त्रीस्तर) को निर्णयानुसार स्वीकृत

गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

पोखरा, कास्की, नेपाल

कार्यक्रम सञ्चालन/कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८१

(१) कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नु पूर्व यस मापदण्डको अधिनमा रही कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नुपर्नेछ ।

(२) यस मापदण्डमा उल्लेख भएका कार्यक्रमहरु सञ्चालन एवं कार्यान्वयन गर्ने/गराउने प्रमुख जिम्मेवारी कार्यालय प्रमुखको रहनेछ भने समन्वयकारी भूमिका कार्यक्रमको जिम्मेवार व्यक्तिको रहनेछ ।

(३) कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्न पूर्व तयारी स्वरुप कार्यक्रम सञ्चालन प्रकृया, सहभागी संख्या, श्रोत व्यक्ति, सहजकर्ता, कार्यक्रम सञ्चालन हुने मिति, समय र स्थान तथा अन्य विषयमा आवश्यक छलफल एवं परामर्श गरी कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नुपर्नेछ ।

(४) कार्यक्रम सञ्चालन गर्दा कार्यालय प्रमुख, लेखा प्रमुख र कार्यक्रमको जिम्मेवार प्राप्त कर्मचारीको समन्वयमा कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नुपर्नेछ ।

(५) प्रचलित आर्थिक ऐन नियम बमोजिम कार्यक्रममा रहेको बजेट बाँडफाँट गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्नेछ ।

(६) चालु आ.व. २०८१/०८२ मा विनियोजन भएको बजेटको आर्थिक दायित्व आगामी आ.व. मा सर्ने एवं विनियोजित बजेट भन्दा थप आर्थिक दायित्व सृजित हुने गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन । यसरी कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गरेको पाइएमा स्वयं थप आर्थिक दायित्व सृजना गर्ने अधिकारीबाट थप आर्थिक दायित्वको शोधभर्ना गर्नुपर्नेछ ।

(७) सम्पादित कार्यक्रमको आ.ले.प. र म.ले.प. गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ ।

(८) कार्यक्रमको वित्तीय र भौतिक प्रगति त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा तालुक निकायमा पठाउनु पर्नेछ साथै आवश्यकतानुसार कार्यक्रमहरुको अनुगमन, मूल्यांकन, सहजिकरण एवं अनुशिक्षण तालुक निकायबाट हुनेछ ।

(९) यस मापदण्डको कुनै विषय अस्पष्ट भएमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयमा सम्पर्क गरी स्पष्ट हुनुपर्नेछ ।

(१०) यस मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्दा यस मापदण्डलाई पथ प्रदर्शकको रुपमा लिई स्वीकृत कार्यक्रमको बजेटको अधिनमा रही तपसिलमा उल्लेखित प्रचलित कानूनको अधिनमा रही कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नुपर्नेछ ।

तपसिलः

- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली [संशोधन सहित], २०६४,
- भ्रमण खर्च नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९
- गण्डकी प्रदेश आर्थिक ऐन, २०८१
- गण्डकी प्रदेश विनियोजन ऐन, २०८१
- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि [छैठौं संशोधन सहित], २०७७
- बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०८०
- प्रदेश खर्चको मापदण्ड, २०७९
- आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेशबाट जारी आर्थिक वर्ष २०८१/०८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८१
- सार्वजनिक खर्चलाई मितव्ययिता तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड, २०७८
- कार्यक्रम सञ्चालन गर्दा अन्य प्रचलित कानून बमोजिम जारी भएका ऐन, नियमावली, कार्यविधि, गठन आदेश, मापदण्ड एवं निर्देशिकालाई आधार मानी गर्नु पर्नेछ साथै प्रचलित कानून [ऐन/नियमावली/कार्यविधि/मापदण्ड आदि] मा संशोधन वा जारी भएमा सो समेतलाई समावेश गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ

स्वास्थ्य कार्यालयहरु तर्फ विनियोजन भएको निकायगत वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम: [रकम रु. हजारमा]

क्र.सं	कार्यक्रम कोड	बार्षिक स्वीकृत कार्यक्रम	खर्च शीर्षक नं.	स्वास्थ्य कार्यालय, कास्की	स्वास्थ्य कार्यालय, गोरखा	स्वास्थ्य कार्यालय, तनहुँ	स्वास्थ्य कार्यालय, नवलपुर	स्वास्थ्य कार्यालय, पर्वत	स्वास्थ्य कार्यालय, बागलुङ	स्वास्थ्य कार्यालय, मनाङ	स्वास्थ्य कार्यालय, मुस्ताङ	स्वास्थ्य कार्यालय, म्याग्दी	स्वास्थ्य कार्यालय, लमजुङ	स्वास्थ्य कार्यालय, स्याङ्जा
१	२.७.२२.१७४४	पारिवारिक तथा जनसांख्यिक लगत संकलन	२२५२२		६००	६००	७००	३००	२००			३००		६००
२	२.७.२२.१७४६	स्वास्थ्य कार्यक्रमहरूको अर्धवार्षिक/वार्षिक समिक्षा तथा योजना तर्जुमा	२२५२२	३००	३००	३००	२००	३००	३००	१००	१००	२००	३००	३००
३	२.७.२२.१७४७	यस अघि तालिम नलिएका स्वास्थ्यकर्मीहरुलाई IHMIS/DHIS२/E-LMIS/E-HMIS तालिम	२२५२२	२५०	५००	२५०	२५०	२५०	५००	२००	२००	२५०	२५०	५००
४	२.७.२२.१७४८	निजी स्वास्थ्य संस्था (आधुनिक तथा आयुर्वेद चिकित्सा) संचालन अनुमति अनुगमन, सुपरिवेक्षण, समन्वयात्मक बैठक तथा स्थलगत अनुशिक्षण	२२५२२	१७०	५०	५०	५०	५०	५०	२५	२५	५०	५०	५०
५	२.७.२२.१७४९	पोषण अवस्थाको लेखाजोखा र पोषणसम्बद्ध सरोकारवालाहरु बीच पोषणसम्बन्धी पैरवी बैठक तथा अन्तरक्रिया	२२५२२	४००	४००	४००	३००	३००	४००	१५०	१५०	३००	३००	४००
६	२.७.२२.१७५०	मानसिक स्वास्थ्य सचेतना तथा पैरवी कार्यक्रम	२२५२२	३००	३००	३००	३००	३००	३००	१५०	१५०	३००	३००	३००
७	२.७.२२.१७५१	स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धिका लागि CPHE(Continuing Public Health Education) कार्यक्रम	२२५२२	८०	८०	८०	८०	८०	८०	४०	४०	८०	८०	८०
८	२.७.२२.१७५३	औषधि तथा औषधिजन्य सामग्रीहरुको Quantification & Forecasting कार्यशाला गोष्ठी	२२५२२	१००	१००	१००	१००	१००	१००	७५	७५	१००	१००	१००
९	२.७.२२.१७५६	सर्पदंश उपचार केन्द्रमा कार्यरत कर्मचारीहरूलाई तालिम/पुनर्ताजगी तालिम र उपचार केन्द्रमा सामाग्री खरिद तथा व्यवस्थापन	२२५२२			४००	२००							४००
१०	२.७.२२.१७६८	उच्च भेगीय स्वास्थ्य सेवा कार्यक्रम	२२५२२							६००	६००			

क्र.सं	कार्यक्रम कोड	बार्षिक स्वीकृत कार्यक्रम	खर्च शीर्षक नं.	स्वास्थ्य कार्यालय, कास्की	स्वास्थ्य कार्यालय, गोरखा	स्वास्थ्य कार्यालय, तनहुँ	स्वास्थ्य कार्यालय, नवलपुर	स्वास्थ्य कार्यालय, पर्वत	स्वास्थ्य कार्यालय, बाग्लुङ	स्वास्थ्य कार्यालय, मनाङ	स्वास्थ्य कार्यालय, मुस्ताङ	स्वास्थ्य कार्यालय, म्याग्दी	स्वास्थ्य कार्यालय, लमजुङ	स्वास्थ्य कार्यालय, स्याङ्जा
११	२.७.२२.१८३४	स्वास्थ्य कार्यालयमा कोल्डरुम सञ्चालन एवं व्यवस्थापनका लागि Cold Chain Assistant [चौथो तह]-१ जनशक्ति व्यवस्थापन	२२५२२			४६४			४६४			४६४		
१२	२.७.२२.८३१	एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई डिजीटलाइजेसन	२२५२२	३७०	८००	६००	९००	७००	८००	३००	३००	५००	९००	४३०
१३	२.७.२२.८३२	खानेपानी गुणस्तर निगरानी तथा समुदायमा क्लोरिनेसन अभियान सञ्चालन	२२५२२	१००	१००	१००	१००	१००	१००	५०	५०	१००	१००	१००
१४	२.७.२२.८३३	महामारी तथा प्रकोपजन्य अवस्थामा बहुपक्षिय निकायहरुवीच समन्वयत्मक वैठक, RRT परिचालन तथा अभिमुखिकरण कार्यक्रम	२२५२२	४००	४००	४००	३००	३००	४००	१००	१००	३००	३००	४००
१५	२.७.२२.८४१	एम्वुलेन्स सेवा समितिको बैठक तथा सरोकारवालाहरु बीच समीक्षा तथा अभिमुखिकरण	२२५२२	१००	५०	५०	५०	५०	५०	५०	५०	५०	५०	५०
१६	२.७.२२.८४६	नवलपरासी व.सु.पू को त्रिबेणी नाकाको Health Desk सञ्चालन	२२५२२				१०००							
१७	२.७.२२.९३०	स्वास्थ्य स्वयंसेविका भत्ता	२२५२२	६४९८	३७९८	२८५०	२२०२	३१०२	५८०२	७५०	९००	२२९८	४०९८	३७०२
१८	२.७.२२.९८१	सरुवा रोग (कोभिड १९, क्षयरोग, HIV, कुष्ठरोग, डेंगु, मलेरिया आदि) तथा नसर्ने रोगको स्क्रिनिङ्ग, खोजपड्ताल, केस इन्भेस्टिगेसन तथा कन्ट्याक्ट ट्रेसिङ	२२५२२	६००	८००	८००	८००	६००	८००	२००	२००	६००	६००	८००
१९	२.७.२२.९९९	विद्यालय नर्स कार्यक्रम सञ्चालन [निरन्तरता]	२२५२२	९४०	९४०	९४०	९४०	४८०	९४०	४८०	४८०	४८०	९४०	९४०
२०	७.२.९.२७	महामारी एवं बिपतमा रोग नियन्त्रण र उपचारका लागि औषधि तथा औषधी जन्य सामग्रीको बफर स्टक व्यवस्थापन	२७२१३	२००	२००	२००	२००	२००	२००	२००	२००	२००	२००	२००

विषय सूची

स्वास्थ्य कार्यालयहरु तर्फ विनियोजन भएको निकायगत वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमः [रकम रु. हजारमा] i

१. महामारी तथा प्रकोपजन्य अवस्थामा बहुपक्षिय निकायहरुवीच समन्वयात्मक वैठक, RRT परिचालन तथा अभिमुखिकरण कार्यक्रम 2

२. सरुवा रोग (कोभिड १९, क्षयरोग, HIV, कुष्ठरोग, डेंगु, मलेरिया आदि) तथा नसर्ने रोगको स्क्रिनिङ्ग, खोजपड्ताल, केस इन्भेस्टिगेसन तथा कन्ट्याक्ट ट्रेसिङ 4

३. निजी स्वास्थ्य संस्था (आधुनिक तथा आयुर्वेद चिकित्सा) संचालन अनुमति अनुगमन, सुपरिवेक्षण, समन्वयात्मक बैठक तथा स्थलगत अनुशिक्षण 6

४. खानेपानी गुणस्तर निगरानी तथा समुदायमा क्लोरिनेसन अभियान सञ्चालन 8

५. पोषण अवस्थाको लेखाजोखा र पोषणसम्बद्ध सरोकारवालाहरु बीच पोषणसम्बन्धी पैरवी बैठक तथा अन्तरक्रिया 10

६. एम्वुलेन्स सेवा समितिको बैठक तथा सरोकारवालाहरु बीच समीक्षा तथा अभिमुखिकरण 12

७. पारिवारिक तथा जनसांख्यिक लगत संकलन 13

८. एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई डिजीटलाइजेसन 15

९. स्वास्थ्य कार्यक्रमहरूको अर्धवार्षिक/वार्षिक समिक्षा तथा योजना तर्जुमा 17

१०. यस अघि तालिम नलिएका स्वास्थ्यकर्मीहरुलाई IHMIS/DHIS२/E-LMIS/E-HMIS तालिम 18

११. स्वास्थ्य स्वयंसेविका भत्ता 19

१२. विद्यालय नर्स कार्यक्रम सञ्चालन [निरन्तरता] 20

१३. उच्च भेगीय स्वास्थ्य सेवा कार्यक्रम 21

१४. सर्पदंश उपचार केन्द्रमा कार्यरत कर्मचारीहरूलाई तालिम/पुनर्ताजगी तालिम र उपचार केन्द्रमा सामाग्री खरिद तथा व्यवस्थापन 22

१५. नवलपरासी व.सु.पूको त्रिबेणी नाकाको Health Desk सञ्चालन 23

१६. औषधि तथा औषधिजन्य सामग्रीहरुको Quantification & Forecasting कार्यशाला गोष्ठी 24

१७. मानसिक स्वास्थ्य सचेतना तथा पैरवी कार्यक्रम 25

१८. स्वास्थ्य कार्यालयमा कोल्डरुम सञ्चालन एवं व्यवस्थापनका लागि Cold Chain Assistant [चौथो तह]-१ जनशक्ति व्यवस्थापन 26

१९. स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धिका लागि CPHE(Continuing Public Health Education) कार्यक्रम 28

२०. महामारी एवं बिपतमा रोग नियन्त्रण र उपचारका लागि औषधि तथा औषधि जन्य सामग्रीको बफर स्टक व्यवस्थापन 30

१. महामारी तथा प्रकोपजन्य अवस्थामा बहुपक्षिय निकायहरुवीच समन्वयात्मक वैठक, RRT परिचालन तथा अभिमुखिकरण कार्यक्रम

विषयवस्तु	विवरण
परिचय	रोगको महामारी/प्रकोपको अवस्था जुनसुकै समय र स्थानमा सिर्जना हुन सक्छ । यसको रोकथामको लागि पूर्वतयारी गरी रोग नियन्त्रणका लागि आवश्यकता अनुसार Rapid Response Team (RRT) परिचालन, विभिन्न रोग नियन्त्रण तथा रोकथाम सम्बन्धि निर्देशिकाको अभिमुखीकरण र बहुनिकाय बैठक गर्नुपर्ने आवश्यकता हुन्छ । विपद् प्रतिकार्य योजना तथा कन्टीन्जेन्सी योजना तयार गरी राख्नाले महामारी रोकथाम र प्रतिकार्यका गतिविधि सहज रुपले सञ्चालन गर्न सकिने र जनधनको क्षति न्यूनीकरण, रोकथाम, व्यवस्थापन तथा नियन्त्रण गर्न सहज हुन्छ ।
उद्देश्य	जिल्ला तथा स्थानीय तहमा महामारीको अवस्थाको लागि पूर्वतयारी, जोखिमको न्यूनीकरण , रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्नु ।
अपेक्षित प्रतिफल	प्रकोप / महामारी / विपद् व्यवस्थापनका लागि तयारी अवस्थामा रहने, त्यसको समयमै व्यवस्थापन भएको हुने र सो सम्बन्धी तथ्याङ्क अद्यावधिक भएको हुनेछ ।
कार्य सञ्चालन प्रक्रिया	१) **बहुपक्षिय निकायहरुबीच समन्वय बैठक** • जिल्ला विपद् व्यवस्थापन समितिसँगको समन्वयमा विभिन्न रोगको महामारीका सबै चरण (पूर्वतयारी, प्रतिकार्य तथा महामारी पश्चातको अवस्था)मा विभिन्न निकायहरुबीच कम्तीमा ६-६ महिनामा समन्वयात्मक बैठक गर्ने • बैठकमा स्वास्थ्यसँग सम्बन्धित महामारी जन्य अवस्थाको प्रस्तुतीकरण, तथ्याङ्क अद्यावधिक गर्ने (आत्महत्या, सडक दुर्घटना, प्रकोपमा ज्यान गुमाएकाको संख्या लगायत) तथा रोकथाम बारे तत्काल एवं दिर्घकालिन योजना बनाई कार्यान्वयन गर्ने • विपद् प्रतिकार्य योजना तथा कन्टीन्जेन्सी योजना आवश्यकता अनुसार अद्यावधिक गर्ने **सहभागीहरू :-** जिल्ला समन्वय समितिका प्रमुख, जिल्ला विपद् व्यवस्थापन समिति, Emergency Medical Team (EMT), स्वास्थ्य कार्यालय र स्थानीय तहको द्रुत प्रतिकार्य टोलीका सदस्यहरु, रेडक्रस, खानेपानी तथा सरसफाई कार्यालय, नेपाली सेना, प्रहरी कार्यालय, जिल्ला अस्पताल र सम्बन्धित प्रतिनिधि सरोकारवालाहरुलाई सहभागी गराउन सकिनेछ । २) **जिल्ला द्रुत प्रतिकार्य टोली (Rapid Response Team) परिचालन** • महामारीको अवस्थामा महामारी व्यवस्थापन गर्न तथा आपत्कालीन जनस्वास्थ्य घटनाको अनुसन्धान गर्न वा सहजीकरण गर्नका लागि स्वास्थ्यकर्मीहरु परिचालन गर्नुपर्ने हुन्छ । "**द्रुत**

विषयवस्तु	विवरण
	प्रतिकार्य टोली तथा आपत्कालीन चिकित्सकीय समूह परिचालन सम्बन्धी निर्देशिका, २०७९" अनुसार जिल्ला द्रुत प्रतिकार्य टोलीले जिल्ला भित्र हुने विभिन्न महामारी व्यवस्थापनका लागि गर्नुपर्ने क्रियाकलापहरुका लागि यस शिर्षकबाट रकम खर्च गर्न सकिनेछ। महामारीको अवस्था हेरी औषधि तथा परिक्षण किट लगायतका औषधिजन्य सामाग्री आवश्यक भएमा नियमानुसार खरिद गरी तत्कालै व्यवस्था गर्न सकिनेछ। • महामारीको सूचना प्राप्त भएपछि Surveillance Outbreak Response Management Analysis System (SORMAS) मा प्रविष्टी भएको एकीन गर्ने साथै महामारी सम्बन्धी विवरण तथा रोग फैलन नदिन रोकथामका लागि सञ्चालन भएका क्रियाकलापहरु नियमित रुपमा स्वास्थ्य निर्देशनालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन गर्नुपर्दछ। ३) **अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन** • स्थानीय तहहरुमा आवश्यकता अनुसार द्रुत प्रतिकार्य टोली गठन/पुनर्गठनका साथै SORMAS सम्बन्धि अभिमुखीकरण तथा सहजीकरण गर्ने • महामारी हुनसक्ने अवस्थामा वा महामारी रोकथामका लागि विशेष समूहलाई लक्षित गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। जस्तै: डेंगु रोकथाम तथा नियन्त्रणका लागि टोल विकास संस्था, आमा समूह, महिला सामूदायिक स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधी, सुरक्षाकर्मी, शिक्षक, ग्यारेज/कवाडीखाना सञ्चालक लगायतका सरोकारवालाहरुलाई र समूहगत रुपमा मानिसहरु रहने ठाउँ जस्तै कारागार, सुरक्षा निकायका क्याम्पहरु, विद्यालय, आदिमा अभिमूखीकरण गर्ने। साथै, आवश्यकता अनुसार उक्त कार्यक्रममा आवश्यक पर्ने स्वास्थ्य सूचनामुलक leaflet, pamphlet, आदि सामग्री समेत छपाई गरी प्रयोग गर्न सकिनेछ।

२. सरुवा रोग (कोभिड १९, क्षयरोग, HIV, कुष्ठरोग, डेंगु, मलेरिया आदि) तथा नसर्ने रोगको स्क्रिनिङ्ग, खोजपड्ताल, केस इन्भेस्टिगेसन तथा कन्ट्याक्ट ट्रेसिङ

विषयवस्तु	विवरण
परिचय	प्रत्येक वर्ष गण्डकी प्रदेशका विभिन्न जिल्लाहरुमा क्षयरोग, डेंगु, औलो र अन्य सरुवा रोगको महामारी फैलिएको पाइन्छ। क्षयरोगका बिरामीहरु अनुमान गरे अनुसार दर्ता नहुनु, कोभिड-१९ र डेंगु लगायत अन्य नयाँ किटजन्यरोगहरु दिन प्रतिदिन थपिनु तथा समयमै रोग पत्ता नलाग्नु, पत्ता लागेको रोगहरु समेत समयमै सम्बन्धित निकायमा प्रतिवेदन ढिलो हुनुले गर्दा समुदायमा रोग नफैलियोस् भनी द्रुतरुपमा त्यस्ता बिरामी प्रमाणित भएमा साथै अन्य शंकास्पद बिरामीको स्क्रिनिङ्ग, खोजपड्ताल र सम्पर्क परीक्षण (Contact Tracing) गर्नका लागि यस कार्यक्रम राखिएको छ।
उद्देश्य	• कोभिड-१९, क्षयरोग, HIV, कुष्ठरोग, डेंगु, मलेरिया आदि सरुवा रोगहरुको समयमै पहिचान र नियन्त्रण गरी समुदायमा फैलनबाट रोक्नु। • Contact Tracing गरी प्रारम्भिक अवस्थामा संक्रमित पत्ता लगाई Quarantine वा Isolation मा राखी व्यवस्थित गर्नु। • नसर्ने रोगहरु समयमै पहिचान गर्नु।
अपेक्षित प्रतिफल	• सर्ने तथा नसर्ने रोगका बिरामी समयमै पत्ता लाग्नेछन्। • रोगहरुको नियन्त्रण/निवारण भई समुदायस्तरमा फैलिनेछैन। • समुदायमा पहिचान भएका रोगको बिरामीहरुको विवरण (क्षयरोग, एच.आई.भी./एड्स, डेङ्गु, स्क्रब टाईफस, कोभिड-१९, आदि) SORMAS मा प्रविष्ट भएको हुनेछ। • बिरामीहरुको फलोअप गर्न सहजिकरण हुनेछ।

कार्य सञ्चालन प्रकृया	• जिल्लामा रोगको भार अनुसार कोभिड १९, क्षयरोग, HIV, कुष्ठरोग, डेंगु, मलेरिया, स्क्रब टाइफस, जापनिज इन्सेफलाइटिस, आदि सर्ने रोगहरुको स्क्रिनिङ्ग, खोजपड्ताल र केस इन्भेस्टिगेसन तथा कन्ट्याक्ट ट्रेसिङ सम्बन्धी निर्देशिका अनुसार क्रियाकलापहरु गर्ने
	  ▪ राष्ट्रिय क्षयरोग केन्द्र, भक्तपुर तथा क्षयरोग उपचार केन्द्र, पोखरासँग समन्वय गरी क्षयरोगको जोखिममा रहेका समूह तथा समुदायमा X-Ray को प्रयोग गरी वा अन्य विधिबाट स्क्रिनिङ्ग गर्ने, पत्ता लागेका बिरामीहरुको खकार संकलन तथा निदानका लागि सहजीकरण गर्ने, DR तथा DS TB बिरामीको सम्पर्कमा रहेका (समुदाय र घर परिवार) व्यक्तिहरुको सक्रिय खोजपड्ताल गर्ने
	  ▪ सम्बन्धित सरुवा रोगका बिरामीहरुको संख्याको आधारमा वडास्तरमा प्राथमिकता निर्धारण गरी स्क्रिनिङ्ग गर्नुपर्दछ।

विषयवस्तु	विवरण
	▪ डेंगु, स्क्रब टाईफस, कालाजार लगायतका रोगहरुको परिक्षण किट तथा अन्य स्वास्थ्य सामग्रीको आवश्यकतानुसार खरिद गर्न सकिनेछ । ● नसर्ने रोगहरुको हकमा स्वास्थ्य निर्देशनालयसँग समन्वय गरी नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा तयार गरिएको "नसर्ने रोगहरुको रोकथाम र नियन्त्रणका लागि बहुक्षेत्रीय कार्ययोजना २०२१ -२०२५" र "राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना, २०७७" अनुरुपका क्रियाकलापहरु तथा सम्बन्धित रोगको स्क्रिनिङ्ग र खोजपड्ताल आवश्यकता अनुसार गर्ने

३. निजी स्वास्थ्य संस्था (आधुनिक तथा आयुर्वेद चिकित्सा) संचालन अनुमति अनुगमन, सुपरिवेक्षण, समन्वयात्मक बैठक तथा स्थलगत अनुशिक्षण

विषयवस्तु	विवरण
परिचय	नेपालमा नीजि स्तरमा धेरै स्वास्थ्य संस्थाहरु सञ्चालनमा रहेका छन्। जनस्वास्थ्य सेवा ऐन २०७५, जनस्वास्थ्य सेवा नियमावली २०७७, स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड २०७० तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड २०७७(पहिलो संशोधन २०७८) साथै गण्डकी प्रदेश सरकारको स्वास्थ्य संस्थाको स्वीकृति, नविकरण, अनुगमन तथा नियमन गर्ने कार्यविधि २०७७ बमोजिम आफ्नो अधिकार क्षेत्रमा पर्ने नीजि स्वास्थ्य सेवा प्रदायक संस्थाको नियमित अनुगमन तथा मुल्यांकनको आधारमा निजी स्वास्थ्य संस्था संचालन (आधुनिक तथा आयुर्वेद चिकित्सा) अनुमति, अनुगमन सुपरिवेक्षण तथा स्थलगत अनुशिक्षण गर्ने गरी यो कार्यक्रम राखिएको हो।
उद्देश्य	जिल्लाभित्र रहेका नीजि स्वास्थ्य संस्थाको अनुगमन गर्नु।
अपेक्षित प्रतिफल	सबै नीजि स्वास्थ्य संस्थाहरु दर्ता भै गुणस्तरिय सेवा दिन सक्षम हुने, सेवाहरु DHIS२ मा प्रविष्टि भएको हुने तथा जनस्वास्थ्यका सेवाहरु स्वास्थ्य कार्यालयको समन्वय गरी सन्चालन भएको हुनेछ।
कार्य संचालन प्रकृया	• जनस्वास्थ्य सेवा ऐन २०७५, जनस्वास्थ्य सेवा नियमावली २०७७, स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड २०७० तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड २०७७ (संशोधन २०७८) का बारेमा जानकारी गराउने। • नीजि स्वास्थ्य संस्था (आधुनिक तथा आयुर्वेद चिकित्सा) संचालन अनुमति, अनुगमन तथा सुपरिवेक्षणका लागि निर्दिष्ट चेकलिष्ट प्रयोग गर्ने। • न्युनतम मापदण्ड नपुगेको अवस्थामा सेवा मापदण्ड पुर्‍याउन समय दिने। • न्युनतम मापदण्ड पुगेको अवस्थामा मात्र स्वीकृति दिने वा नविकरणका लागि सिफारिस गर्ने। • जम्मा आम्दानीको १० प्रतिशत नि:शुल्क उपचार दिएको अभिलेख राख्न लगाउने। • नि:शुल्क उपचार पाउने बिरामीहरुको नामावली मासिक रुपमा सार्वजनिक गर्न लगाउने तथा सेवा शुल्क र जनशक्तिको विवरण नागिरक वडापत्रमा अनिवार्य राख्न लगाउने। • तोके बमोजिम राजश्व जम्मा गराउने।

विषयवस्तु	विवरण
	• अनुगमनको क्रममा दिइएको निर्देशनको पालना नभएमा नियमानुसार आवश्यक कारवाही गर्ने। • निजी स्वास्थ्य संस्थाहरु संलग्न गराई आवधिक रुपमा समन्वयात्मक बैठक गर्ने • स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा नियमन गर्दा बैठक, छलफल आदिमा लाग्ने बैठक भत्ता, खाजा तथा खाना खर्च, भ्रमण खर्च प्रचलित नियम अनुसार यसै कार्यक्रमबाट गर्ने ।

४. खानेपानी गुणस्तर निगरानी तथा समुदायमा क्लोरिनेसन अभियान सञ्चालन

विषयवस्तु	विवरण
परिचय	राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ ले खानेपानीको गुणस्तरीयता कायम राख्नका लागि खानेपानीको गुणस्तर निगरानी (सर्भिलेन्स) तथा खानेपानी सुरक्षा योजनाको अनुगमन गर्ने जिम्मेवारी प्रदेश सरकारको हकमा स्वास्थ्य क्षेत्र हेर्ने सम्बन्धित मन्त्रालय वा मान्यता प्राप्त स्वतन्त्र निकाय तोकेको पाइन्छ। खानेपानी गुणस्तर निगरानी (सर्भिलेन्स) कार्य एउटा निरन्तर, स्वतन्त्र तथा पारदर्शी ढंगले चलाइने प्रकृया हो जसको उद्देश्य प्रदुषणको पहिचान गरी स्वास्थ्यलाई हुनसक्ने खतरालाई रोकथाम र नियन्त्रण गर्नु हो। खानेपानीको आपूर्तिसँग आवद्ध सम्पूर्ण संघसंस्थालाई पानीको गुणस्तर निरन्तर कायम राख्न समयमा नै उचित जानकारी दिन तथा समुदायमा पानीजन्य रोग न्यूनीकरण गर्ने सुरक्षाका उपाय बारे जनचेतना फैलाउन समेत सहयोग पुऱ्याउनका लागि यो कार्यक्रम राखिएको हो।
उद्देश्य	• खानेपानी प्रणालीहरूको गुणस्तर निगरानी गर्नु • पानीको प्रदुषणबाट मानव स्वास्थ्यमा पर्ने असर न्यूनीकरण गर्नु • जैविक प्रदुषण भइसकेको वा हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्न क्लोरिनको प्रयोग गरी पानीलाई शुद्धीकरण गर्ने कार्य अभियानको रुपमा लैजानु
अपेक्षित प्रतिफल	पानीजन्य रोगहरुको जोखिमलाई न्यूनीकरण गरी सर्वसाधारणको बिरामी हुने दरमा कमि आउनेछ।
कार्य सञ्चालन प्रकृया	यस कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तह र खानेपानी तथा सरसफाइ डिभीजन कार्यालय लगायत अन्य सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्नुपर्नेछ। • **खानेपानी गुणस्तर निगरानी गर्ने** ➢ राष्ट्रिय खानेपानी गुणस्तरीय निगरानी (सर्भिलेन्स) निर्देशिका, २०७० (प्रथम संशोधन २०७६) अनुरुप लेखाजोखा गर्ने विधि (Auditing), प्रत्यक्ष मूल्यांकन विधि (Direct assessment) र अप्रत्यक्ष मूल्यांकन विधिबाट (Indirect impact assessment) खानेपानी गुणस्तर निगरानी गर्ने ➢ खानेपानी आयोजनाबाट sampling गरी नमुना परिक्षण गर्ने र पृष्ठपोषण सहित प्रतिवेदन उपलब्ध गराउने ➢ Water Chlorination (automatic dosing machine) र Free Residual Chlorine जाँच गर्न स्थानीय तह र खानेपानी आयोजनाको क्षमता विकास गर्ने स्थानीय तहलाई नियमित रुपमा जैविक परिक्षण गर्न Wagtech machine तथा अन्य आवश्यक सामग्री खरिद गर्न प्रोत्साहन गर्नुपर्दछ।

विषयवस्तु	विवरण
	• **अभिमुखीकरण** ➢ स्थानीय तहका प्रमुख/उपप्रमुख, स्वास्थ्य शाखा, खानेपानी आयोजनाका सम्बन्धित पदाधिकारी तथा उपभोक्ता समुहहरुका लागि विश्व स्वास्थ्य संगठन, युनिसेफ लगायत अन्य साझेदार संस्थाको प्राविधिक सहयोगमा Water Saftey Plan र National Water Sanitation and Hygiene Management Information System (NWASH-MIS) अभिमुखिकरण गर्ने ➢ Water Chlorination (automatic dosing machine) र Free Residual Chlorine जाँच गर्न स्थानीय तह र खानेपानी आयोजनाको क्षमता विकास गर्ने महामारीको समयमा आवश्यकता अनुसार Bleaching Powder, Chlorine solution/ tablets, पानी परिक्षणका लागि आवश्यक सामग्री, आदि खरिद गर्न सकिनेछ । यस बाहेक राष्ट्रिय खानेपानी गुणस्तरीय निगरानी (सर्भिलेन्स) निर्देशिका, २०७० (प्रथम संशोधन २०७६) अनुरुपका अन्य आवश्यक क्रियाकलापहरु गर्ने
सन्दर्भ सामाग्री	राष्ट्रिय खानेपानी गुणस्तरीय निगरानी (सर्भिलेन्स) निर्देशिका, २०७० (प्रथम संशोधन २०७६), राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९, राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड कार्यान्वयन तथा अनुगमन निर्देशिका २०७९

५. पोषण अवस्थाको लेखाजोखा र पोषणसम्बद्ध सरोकारवालाहरु बीच पोषणसम्बन्धी पैरवी बैठक तथा अन्तरक्रिया

विषयवस्तु	विवरण
परिचय	जन्मदेखि पाँच वर्ष भित्रका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक क्षमताको विकास हुने भएकोले जीवनको पहिलो पाँच वर्षका उमेरलाई मानव विकास क्रममा अति महत्वपूर्ण समय मानिन्छ। बालबालिकाको जीवनरक्षा, स्वास्थ्य तथा विकासका लागि उपयुक्त पोषण एक दरिलो जग हो। पाँच वर्ष मुनिका बालबालिकाको पोषण अवस्था लेखाजोखा गरी पोषणमा सुधार गर्नुपर्ने थप कार्यहरु पत्ता लगाई स्थानीय तहका जनप्रतिनिधि तथा पोषण सम्बद्ध सरोकारवालाहरुबीच पोषण सम्बन्धी पैरवी बैठक तथा अन्तरक्रिया गर्न यो कार्यक्रम राखिएको हो।
उद्देश्य	• ५ वर्ष मुनिका बालबालिकाको पोषण अवस्थाको लेखाजोखा गर्नु • पोषणको महत्व बारेमा अन्तरक्रिया तथा पैरवी गर्नु
अपेक्षित प्रतिफल	५ वर्ष मुनिका बालबालिकाको पोषण अवस्थाको लेखाजोखा भई पोषण अवस्थामा सुधार हुनेछ। विभिन्न सरोकारवालाहरु पोषण सम्बन्धी विषयमा सुसूचित भएका हुनेछन्।
कार्य सञ्चालन प्रकृया	**क. ५ वर्ष मुनिका बालबालिकाको पोषण अवस्थाको लेखाजोखा** • कुपोषणको अवस्था बढी भएका स्थानीय तहको छनौट गर्ने • सम्बन्धित स्थानीय तहको समन्वयमा सकेसम्म धेरै पाँच वर्ष मुनिका बालबालिकाको पोषण स्थितिको स्क्रीनिंङ्ग गर्ने • बालबालिकाहरुको उचाई, तौल र पाखुराको मध्य भागको मापन गरी अभिलेखिकरण गर्ने र पत्ता लागेका कुपोषित बालबालिकाहरुलाई सम्बन्धित स्वास्थ्य संस्थामा प्रेषण गर्ने • यस कार्यका लागि CNSI तालिम प्राप्त स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका परिचालन गर्न सकिनेछ र पोषण लेखाजोखा गर्ने स्वास्थ्यकर्मीलाई खाजा र प्रचलित भाडादर बमोजिम यातायात खर्च उपलब्ध गराउन सकिनेछ। • यस क्रियाकलापको लागि उपलब्ध बजेट मध्येको बढीमा ५० प्रतिशत सम्म खर्च गर्न सकिनेछ। **ख. पोषणसम्बद्ध सरोकारवालाहरु बीच पोषणसम्बन्धी पैरवी बैठक तथा अन्तरक्रिया**

विषयवस्तु	विवरण
	• पोषणसँग सम्बन्धित विषयहरु समेटी स्वास्थ्य कार्यालयले उपयुक्त सरोकारवालाहरु निक्यौंल गरी स्थानीय तहहरुमा १ दिने पैरवी बैठक तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने • मातृ तथा नवजात शिशु पोषण, स्वस्थकर खानपान, खाद्य स्वच्छता, विषादी रहित खाद्य तथा पोषण, रैथाने खाना, माटो र पोषणको अन्तरसम्बन्ध, आदि पोषणसँग सम्बन्धित विषयवस्तुहरुमा पैरवी तथा अन्तरक्रिया गर्न सकिनेछ । • उक्त कार्यक्रममा विषयवस्तु अनुसार जनप्रतिनिधिहरु, स्वास्थ्य/कृषि/शिक्षा शाखा प्रमुख, गर्भवती महिला, होटल/रेष्टुरेन्ट सञ्चालक, कृषक, ५ वर्ष मुनीका बालबालिकाका आमा, विद्यालयका स्वास्थ्य/पोषण विषयका शिक्षक, विद्यार्थी, आदिको सहभागिता गराउनुपर्नेछ ।

६. एम्वुलेन्स सेवा समितिको बैठक तथा सरोकारवालाहरु बीच समीक्षा तथा अभिमुखिकरण

विषयवस्तु	विवरण
परिचय	राष्ट्रिय एम्बुलेन्स सञ्चालन निर्देशिका २०७८ अनुसार एम्बुलेन्स भन्नाले बिरामी ओसार पसार गर्ने दफा ५ बमोजिम स्वीकृत प्राप्त बाहनलाई बुझिन्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, सामग्री, साईरन, जिपिएस (GPS) जडान भएको, तालिम प्राप्त चालक र आकस्मिक चिकित्सकिय प्राविधिक (EMT) भएको बाहनलाई जनाउँदछ। एम्बुलेन्सलाई व्यवस्थित रुपमा संचालन गर्नका लागि जिल्ला स्तरमा रहेका विभिन्न समितिहरुको बैठक बस्न आवश्यक भएको र आकस्मिक सेवा प्रवाहका विषयमा सवारी चालकहरुलाई समेत जानकारी दिन आवश्यक भएकोले यस कार्यक्रम राखिएको छ।
उद्देश्य	• राष्ट्रिय एम्बुलेन्स सञ्चालन निर्देशिका २०७८ बमोजिम सेवा सञ्चालन भए नभएको अनुगमन गर्नु • आकस्मिक सेवा प्रवाहका विषयमा चालकहरुलाई जानकारी गराउनु • जिल्ला एम्बुलेन्स ब्यवस्थापन समितिको नियमित बैठक संचालन गर्नु
अपेक्षित प्रतिफल	• जिल्ला स्थित एम्बुलेन्स समिति र एम्बुलेन्स संचालक/चालकहरुलाई राष्ट्रिय एम्बुलेन्स सञ्चालन निर्देशिका २०७८ को जानकारी हुनेछ र सोही बमोजिम एम्बुलेन्सहरुको सञ्चालन तथा व्यवस्थापन भएको हुनेछ।
कार्य सञ्चालन प्रकृया	• जिल्ला स्तरीय समितिले नयाँ एम्बुलेन्स स्वीकृतीको सिफारीस, नविकरण लगायतका कार्यहरु गर्नका लागि आवश्यकता अनुसार बैठकको आयोजना गर्ने • निर्देशिका बमोजिम स्थलगत भ्रमण तथा अवलोकन गरी एम्बुलेन्सहरुको अनुगमन गर्ने • कार्यक्रम सञ्चालन गर्दा एम्बुलेन्सका संचालक/चालक र समितिका पदाधिकारीहरु बीच समिक्षात्मक कार्यक्रम संचालन गर्नुपर्नेछ साथै पृष्ठपोषण प्रदान गर्नुपर्नेछ। • सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको GPS प्रणालीमा आबद्ध भए नभएको तथा निर्देशिका अनुसार स्तरोन्नति भए नभएको एकिन गरी नभएको पाइएमा यथासक्य GPS जडान र स्तरोन्नति गर्न लगाउने

७. पारिवारिक तथा जनसांख्यिक लगत संकलन

विषयवस्तु	विवरण
परिचय	नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गरी सबल र स्वस्थ गराउने गण्डकी प्रदेशको नीति अनुरुप आधुनिक विद्युतीय प्रविधिको प्रयोग गरी सम्बन्धित स्थानिय तहले त्यहाँ बसोबास गर्ने परिवारको जनसांख्यिक तथा स्वास्थ्य स्थितिको इलेक्ट्रोनिक विवरण तयार गरी त्यसको हरेक वर्ष अद्यावधिक भएको सुनिश्चित गर्न यो कार्यक्रम राखिएको हो।
उद्देश्य	प्रदेश भित्र बसोबास गर्ने परिवार र परिवारका सदस्यहरुको स्वास्थ्य स्थितिको विवरण तयार गर्नु।
अपेक्षित प्रतिफल	• व्यक्तिको स्वास्थ्य सम्बन्धी व्यक्तिगत र पारिवारिक विवरणको तथ्यांकिय आधार तयार भएको हुनेछ। • नीति निर्माता र सेवा प्रदायकहरूलाई स्वास्थ्य सेवा प्रवाहका लागि तथ्यमा आधारित स्पष्ट आधार तयार भएको हुनेछ।
कार्य सञ्चालन प्रक्रिया	• पारिवारिक विवरण संकलन गर्नको लागि स्वास्थ्य निर्देशनालयले तयार गरेको सफ्टवेयर प्रयोग गर्ने। • बजेटको परिधिभित्र रही सम्पूर्ण स्थानीय तहमा कार्यक्रम विस्तार गर्ने। • छनौट भएका स्थानिय तहमा सो कार्यक्रमको जानकारी दिनको लागि स्थानिय तहका प्रमुख, उपप्रमुख, जनप्रतिनिधि, प्रमुख प्रशाससकिय अधिकृत, स्वास्थ्य शाखा प्रमुख, शिक्षा शाखा प्रमुख, सामाजिक विकास शाखा प्रमुख, तथ्यांक संकलनको लागि खटिने स्वास्थ्यकर्मीहरुलाई १ दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने। • तालिम, अभिमुखिकरण, Data synchronization, Data Processing, आदिमा लाग्ने खर्च यसै कार्यक्रमबाट गर्न सकिनेछ। यसको लागि लाग्ने लागत अनुमान स्वास्थ्य निर्देशनालय तथा परामर्श सेवा प्रदायकको समन्वयमा स्वास्थ्य कार्यालयले गर्नेछ। • सो अभिमुखिकरण कार्यक्रममा स्वास्थ्य निर्देशनालय तथा परामर्श सेवा प्रदायक संस्थाको समन्वयमा सहजिकरण गर्ने। • ल्यापटप लगायत अन्य सामाग्रीहरुको व्यवस्थापन तथा विवरण प्रविष्ट गर्ने कार्य स्थानिय तहले गरेको सुनिश्चित गर्ने।

विषयवस्तु	विवरण
	• सो विद्युतिय पारिवारिक स्वास्थ्य पार्श्वचित्रका माध्यमबाट सबै नागरिकहरूको पारिवारिक र व्यक्तिगत यथार्थ विवरण सङ्कलन, प्रविष्टी र भण्डारणको संस्थागत र नीतिगत व्यवस्था सम्बन्धित स्थानिय तहहरुले गर्नुपर्नेछ । • स्वास्थ्यकर्मीहरुलाई तथ्यांक संकलनमा खटाउँदा हिमाली जिल्लामा १० घरपरिवार, अन्य दुर्गम स्थानीय तहहरुमा १५ घरपरिवार, सुगम पहाडि स्थानीय तहहरुमा २० परिवार तथा सुगम शहरी स्थानीय तहहरुमा २५ घरपरिवार बराबर एक दिन मानी एक दिनको तथ्यांक संकलन खर्च (यातायात) रु. ७००।-, खाजा खर्च रु. २००।- र मोबाईल डाटा खर्च रु. १००।- गरी प्रति दिन रु. १०००।– (रु. एक हजार) उपलब्ध गराउन सकिनेछ । • विगतका वर्षमा कार्यक्रम सम्पन्न भएका स्थानीय तहको हकमा विवरण अद्यावधिक गर्न स्थानीय तहलाई सहजीकरण गर्ने तथा नतिजा सार्वजनिक गर्ने ।

८. एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई डिजीटलाइजेसन

विषयवस्तु	विवरण
परिचय	एच. एम. आई. एस. प्रणालीमा रहेका फारम तथा फर्मेटहरुलाई आधुनिक विद्युतीय प्रविधिको प्रयोग गरी स्वास्थ्य सेवा संगै अनलाईन ईन्ट्री गरी प्रणालीमा आबद्धता गराई सेवाको स्तर, क्षेत्रगत अवस्था, सेवाग्राहीको पहुंच लगायत विविध पक्षहरुलाई हेर्न, अनुसन्धान गर्न , तत्काल व्यवस्थापन गर्न तथा सबैले सुचनाहरुको जानकारी लिन सक्ने बनाउनुपर्ने हुन्छ । यस कार्यका लागि स्वास्थ्य संस्थाहरुमा प्रदान गरेका HMIS को रेकर्डिङ का tools हरुमा राखी तोकिएका रिपोर्टहरु निकाल्ने गरिएकोमा प्रदान गरिएका सम्पूर्ण सेवाहरु HMIS tools अनुसार नै विद्युतीय रुपमा रेकर्ड राखी त्यसकै माध्यम (system) बाट report निकाल्ने व्यवस्था मिलाउने र DHIS २ मा स्वत: अपडेट हुने व्यवस्था भई तथ्यांकको गुणस्तरमा सुधार ल्याउन यो कार्यक्रम राखिएको हो ।
उद्देश्य	• स्वास्थ्य संस्थाको स्वास्थ्य तथ्यांकहरु अभिलेख तथा प्रतिवेदनमा Digitalized भई गुणस्तरमा सुधार ल्याउनु । • सेवा पहुँच तथा सेवा प्रवाहमा सुधार गर्नु । • निर्णय लिन व्यवस्थापकलाई सहज बनाउनु । • तथ्यांकको अभिलेख व्यवस्थित भई प्रयोगकर्तामैत्री बनाउनु ।
अपेक्षित प्रतिफल	नीति निर्माता र सेवा प्रदायकहरूलाई स्वास्थ्य सेवा प्रवाहका लागि तथ्यमा आधारित योजनाको स्पष्ट आधार तयार भएको हुनेछ ।
कार्य सञ्चालन प्रक्रिया	• गत आ. व. मा खरिद भएका सफ्टवयर कम्पनीसँगको सम्झौता अनुसार चालु आ.व. मा प्रति संस्था बढीमा रु पाँच हजार वार्षिक नविकरण/मर्मत सम्भार खर्च र बाँकी रकमबाट थप छनौटमा परेका स्वास्थ्य संस्थाका लागि सोही सफ्टवयर कम्पनीसँग VAT बाहेक बढीमा रु. पन्ध्र हजारमा नबढ्ने गरी सम्झौता गर्ने । सम्झौता भएको तीन वर्षपछि सेवा प्रदायक कम्पनीले Software को Source Code लगायत सबै विवरण सेवा खरिद गर्ने निकायलाई हस्तान्तरण गर्नुपर्नेछ । • बजेटको परिधिभित्र रही जिल्ला तथा स्थानीय तहको प्रतिबद्धता र साझेदारीमा उपयुक्त स्वास्थ्य संस्थाहरुको छनौट गरी उक्त स्वास्थ्य संस्थाहरुमा एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली दिशानिर्देश अनुसार तयार गरिएका, समग्र रजिस्टर/रिपोर्ट समेटिएका तथा व्यवस्थापन महाशाखाबाट स्वीकृति प्राप्त गरेका सेवा प्रदायक सफ्टवेयर कम्पनिबाट उपयुक्त सफ्टवेयर खरिद गर्ने । • स्वास्थ्य संस्थाहरु छनौट गर्दा भौतिक पूर्वाधारहरु (computer, laptop, internet) र ईच्छाशक्ति भएका स्थानीय तहहरुलाई प्राथमिकता दिने ।

विषयवस्तु	विवरण
	• स्थानिय तह छनौट गर्दा सो अन्तरगतका सबै स्वास्थ्य संस्थाहरु समेटिने गरी प्राथमिकताका आधारमा कार्यक्रम लागू गर्ने । • छनौटमा परेका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुलाई आधारभूत तालिमको व्यवस्थापन स्थानीय तहले गर्ने र Onsite Coaching / Refresher तालिम स्थानीय तहसँग समन्वय गरी सम्बन्धित स्वास्थ्य संस्था वा स्थानीय तहमा नै गई स्वास्थ्य कार्यालयले गर्ने । • सफ्टवेयर तयार गर्ने कम्पनिसंगको सम्झौता बमोजिम सफ्टवेयर सम्बन्धी संचालनमा संस्थाहरुलाई user ID दिने तथा आवश्यकता अनुसार स्थलगत अनुगमन गरी समस्या समाधान गर्ने । • छानिएका स्वास्थ्य संस्थाहरुले उक्त software को प्रयोग गर्ने । कार्य सम्पन्न पश्चात स्वीकृत स्पेसिफिकेसन बमोजिम भए नभएको र सफ्टवेयर संचालन भए पश्चात सम्बन्धित निकाय/प्राविधिकबाट प्रतिवेदन तयार गरी भुक्तानी दिने । • नोट: एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई विद्युतिकरण सम्बन्धी अन्य नीतिगत व्यवस्था संघ एवं प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

९. स्वास्थ्य कार्यक्रमहरूको अर्धवार्षिक/वार्षिक समिक्षा तथा योजना तर्जुमा

विषयवस्तु	विवरण
परिचय	नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरुमा दक्ष जनशक्ति, औषधि, उपकरण, भौतिक सुविधाहरु आदि निरन्तर उपलब्ध भइरहनु पर्ने हुन्छ । स्थानीय तहहरुमा सञ्चालित कार्यक्रमहरुको अवस्था एकिन गर्ने, आगामी दिनहरुमा सञ्चालन गरिनुपर्ने कार्यक्रमहरुको रुपरेखा तयार गर्ने तथा स्वास्थ्य तथ्यांकको प्रयोग गरी प्रदेश र स्थानिय तहका स्वास्थ्य कार्यक्रमका योजना तर्जुमामा सहयोग पुऱ्याउन यो क्रियाकलाप समावेश गरिएको हो।
उद्देश्य	स्वास्थ्य कार्यक्रमहरूको अर्धवार्षिक/वार्षिक समिक्षा गर्नु ।
अपेक्षित प्रतिफल	तथ्याङ्क प्रणालीमा सुधार भई तथ्यांकमा आधारित प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा हुनेछ ।
कार्य संचालन प्रकृया	• यस कार्यक्रमलाई संघ सशर्त अनुदानबाट प्राप्त कार्यक्रमसँगै कार्यान्वयन गर्नुपर्नेछ । • बजेटको परिधिभित्र रही स्वास्थ्य शाखा प्रमुख, जिल्ला अस्पतालका मे.सु र तथ्यांक प्रविष्ट गर्ने कर्मचारी, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमुख, स्वास्थ्य कार्यालयका फोकल पर्सनहरु तथा अन्य स्वास्थ्य क्षेत्रका निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाका प्रमुख/प्रतिनिधि समेटी अर्धवार्षिक तथा वार्षिक समिक्षा बैठक तथा योजना तर्जुमा कार्यक्रम आयोजना गर्ने (आवश्यकता अनुसार समन्वय समितका प्रमुख/प्रतिनिधि, स्थानीय तहका प्रमुख/उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत, उत्कृष्ठ कार्य गर्ने स्वास्थ्य संस्थाबाट स्वास्थ्यकर्मी, आदि लाई सहभागी गराउन सकिने) • विगतमा संचालित स्वास्थ्य कार्यक्रमहरुको कमि कमजोरी पहिचान गर्ने, सुधार गर्नु पर्ने पक्षहरु पत्ता लगाई आगामी दिनमा कसरी व्यवस्थापन गर्ने र अर्को वर्षका लागि गर्नुपर्ने क्रियाकलापहरुको निर्क्यौल गर्ने • गण्डकी प्रदेश स्वास्थ्य नीतिलाई ध्यानमा राखी विभिन्न राष्ट्रिय एवं अन्तराष्ट्रिय स्तरमा स्वास्थ्य क्षेत्रमा गरिएका प्रतिवद्धता बमोजिमका लक्ष्य प्राप्ति भए नभएको विषयमा छलफल गरी आगामी आर्थिक वर्षको प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा कार्यक्रममा समावेश गर्नुपर्ने स्वास्थ्यका क्रियाकलापहरुको सूची तयार पार्ने । • समीक्षा कार्यक्रम बढीमा २ दिनको हुनेछ । • आवश्यकता अनुसार तथ्यांकको गुणस्तर सुधारका लागि Checklist प्रयोग गरी Onsite Coaching गर्न सकिनेछ ।

१०. यस अघि तालिम नलिएका स्वास्थ्यकर्मीहरुलाई IHMIS/DHIS२/E-LMIS/E-HMIS तालिम

विषयवस्तु	विवरण
परिचय	आ.व. २०५१/५२ मा स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली लागू भए पश्चात् स्वास्थ्य सेवाका सूचनाहरु एकद्वार प्रणाली मार्फत उपलब्ध गराउने प्रावधान रहेको छ। स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको विकासक्रम सँगै यसका लागि आवश्यक पर्ने अभिलेख तथा प्रतिवेदन फारमहरु समय सापेक्ष रुपमा अद्यावधिक हुदै आएका छन्। हाल अद्यावधिक भएका अभिलेख प्रतिवेदन फारम सहित यस आ.व. मा नयाँ नियुक्त भई यसअघि तालिम नलिएका कर्मचारीहरुलाई परिमार्जित IHMIS/LMIS Recording / Reporting Tools र eHMIS, eLMIS सम्बन्धी ज्ञान र सीप दिने अभिप्रायले यो कार्यक्रम राखिएको छ।
उद्देश्य	• एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (IHMIS/LMIS) र परिमार्जित / अद्यावधिक अभिलेख तथा प्रतिवेदन प्रणाली सम्बन्धी ज्ञान प्रदान गर्नु • तथ्याङ्क विश्लेषण गर्ने सीप विकास गराउनु। • eHMIS/eLMIS सञ्चालन गर्न दक्ष बनाउनु।
अपेक्षित प्रतिफल	• स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS/LMIS), eHMIS, eLMIS, परिमार्जित अभिलेख तथा प्रतिवेदन प्रणाली र तथ्याङ्कको विश्लेषण सम्बन्धी ज्ञान र सीप विकास भएको हुनेछ।
कार्य सञ्चालन प्रकृया	• यस कार्यक्रमलाई संघ सशर्त अनुदानबाट प्राप्त कार्यक्रमसँगै कार्यान्वयन गर्नुपर्नेछ। • अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य ईकाई, शहरी स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य केन्द्रहरुमा कार्यरत स्वास्थ्यकर्मीहरु मध्येबाट यस पूर्व परिमार्जित HMIS/LMIS Recording/Reporting Tools/ DHIS – २ तथा eHMIS/eLMIS सम्बन्धी तालिम नपाएका र नयाँ नियुक्त भई आएका कर्मचारीहरुको नामावली तयार गर्ने • सहभागीहरुलाई HMIS / DHIS – २ का साथै eHMIS/eLMIS को अभिमुखीकरण गर्ने • कार्यक्रम अवधि ३ दिनको र प्रति ब्याचमा २० – २५ जना सहभागी हुनुपर्नेछ। • यो तालिम सञ्चालन गर्नका लागि सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयसँग समन्वय गरी तालिम प्राप्त प्रशिक्षक समावेश गरी सञ्चालन गर्नुपर्नेछ।

११. स्वास्थ्य स्वयंसेविका भत्ता

विषयवस्तु	विवरण
परिचय	राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति, २०६७ (पहिलो संशोधन, २०७६) अनुसार महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका भन्नाले स्थानीय स्वास्थ्य आमा समूहद्वारा छनोट गरिएको, निश्चित अवधिसम्म स्वयंसेवी भई कार्य गर्न तत्पर भएका, स्थानीय स्वास्थ्य संस्थाद्वारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरुमा सहयोग पुऱ्याउने स्वयंसेवी महिलालाई जनाउँछ। महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले समुदायस्तरमा जनचेतना, प्रचार प्रसार, सूचनाहरु सम्प्रेषण, आवश्यक परामर्शको साथै परिवार नियोजन, मातृ, नवशिशु तथा बाल स्वास्थ्य प्रवर्द्धन, सरुवा रोग तथा महामारी नियन्त्रण आदि क्षेत्रमा प्रत्यक्ष योगदान पुऱ्याउँदै आएका छन्। अतः स्वयंसेवी भावनाले प्रेरित भई निःशुल्क रुपमा समुदायस्तरमा स्वास्थ्य क्षेत्रमा सेवा गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले सेवा गर्ने सिलसिलामा हुने भैपरी एवं विविध खर्चलाई व्यवस्थापन गर्न प्रोत्साहन स्वरुप यो कार्यक्रम राखिएको हो।
उद्देश्य	महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको सेवा गर्ने सिलसिलामा हुने भैपरी एवं विविध खर्चको व्यवस्थापन गरी उत्प्रेरणा जगाउनु
अपेक्षित प्रतिफल	महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु समुदायस्तरमा गुणस्तरीय सेवा प्रवाह गर्न प्रोत्साहित हुनेछन्।
कार्य सञ्चालन प्रकृया	• सम्बन्धित स्वास्थ्य कार्यालयले जिल्ला भित्र चालु आ.व. २०८१/८२ मा अवकाश प्राप्त गरेका र हाल कार्यरत रहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको नामनामेसी सहितको तथ्याङ्क / विवरण अद्यावधिक गर्ने। • आ.व. २०८१/८२ मा अवकाश प्राप्त गरेका र हाल कार्यरत रहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई वार्षिक प्रोत्साहन स्वरुप प्रति स्वयंसेविका रु. ६,०००।– (छ हजार) का दरले यातायात खर्च उपलब्ध गराउने। • उक्त रकम अनिवार्य रुपमा सम्बन्धित स्वयंसेविकाको बैंक खाता मार्फत भुक्तानी गर्नुपर्नेछ। **स्पष्टिकरणः** • चालु आ.व. २०८१/८२ मा अवकाश प्राप्त भन्नाले :- (मिति २०८१/०४/०१ गते देखि २०८२ आषाढ मसान्तसम्म अवकास भएका वा अवकास हुने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका भन्ने बुझ्नु पर्दछ।) साथै नेपाल सरकारबाट उपलब्ध हुने सम्मान स्वरुप दिईने रकम बिदाई हुने समयमा स्वास्थ्य कार्यालय मार्फत स्थानिय तहहरुसँग समन्वय गरी उपलब्ध गराउने।

१२. विद्यालय नर्स कार्यक्रम सञ्चालन [निरन्तरता]

विषयवस्तु	विवरण
परिचय	सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकालाई नर्स मार्फत स्वस्थ जीवन शैलीमा अभ्यस्त गराउन, वातावरण तथा व्यक्तिगत सरसफाईमा सुधार ल्याउन, सन्तुलित र पोषिलो खानेकुरा खान प्रेरित गर्न, किशोर किशोरीको यौन तथा प्रजनन् स्वास्थ्यमा सुधार ल्याउन, किशोरीहरुको मर्यादित महिनावारी सम्बन्धी चेतनामूलक कार्यक्रम गरी विद्यालय जाने वातावरण सिर्जना गर्न र स्वस्थ व्यवहार अपनाउन प्रेरित गर्न यो कार्यक्रम राखिएको हो।
उद्देश्य	• विद्यालय स्तरबाटै बालबालिकाहरुलाई स्वस्थ जीवन शैली अपनाउन प्रेरित गर्नु। • विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सेवा प्रदान गर्नु । • व्यवहार परिवर्तनमा आधारित स्वास्थ्य शिक्षा प्रदान गर्नु । • स्वस्थ्यसंग सम्बन्धित विद्यालय कार्यक्रमहरु कार्यान्वयन गर्नु।
अपेक्षित प्रतिफल	विद्यालय स्तरबाटै बालबालिकाहरुले स्वस्थ जीवन शैली तथा स्वस्थ व्यवहार अपनाउनेछन्।
कार्य सञ्चालन प्रकृया	• विगतका वर्षमा नियुक्त भएका स्टाफ नर्स (पाँचौं तह) लाई कार्यसम्पादनका आधारमा सेवा करारमा निरन्तरता दिने • पद रिक्त भएमा सम्बन्धित स्वास्थ्य कार्यालयले “सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९” बमोजिम स्टाफ नर्स (पाँचौं तह) करार सेवामा पदपूर्ति गर्ने • छनौट भएका स्टाफ नर्स (पाँचौं तह) को तलब भत्ता, चाडवाड खर्च, पोषाक भत्ता भुक्तानी गर्ने • निजहरुलाई स्वास्थ्य कार्यालयले आवश्यकता अनुसार पालिका भित्रका अन्य विद्यालयहरु, महामारी नियन्त्रण र जनस्वास्थ्य अभियानमा समेत परिचालन गर्न सक्नेछ • सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयद्वारा तयार हुने मापदण्ड अनुसार कामकाजमा लगाउने

१३. उच्च भेगीय स्वास्थ्य सेवा कार्यक्रम

विषयवस्तु	विवरण
परिचय	गण्डकी प्रदेशका उच्च भेगमा बसोबास गर्ने व्यक्ति, घुम्न आउने आन्तरिक र बाह्य पर्यटकलाई High Altitude Sickness हुने सम्भावना हुन्छ । यसको व्यवस्थापन गर्नका लागि स्वास्थ्यकर्मी सक्षम हुन जरुरी छ । यस्ता समस्याहरुको प्राथमिक रुपमा उपचार गर्न सक्षम बनाइने उद्देश्यले र यस कार्यको लागि आवश्यक औषधि तथा उपकरण समेत प्राप्त गरी सो सेवा अझ प्रभावकारी रुपमा सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो ।
उद्देश्य	लेक लाग्ने समस्याको पहिचान र उपचार गर्नका लागि स्वास्थ्यकर्मीहरुलाई आवश्यक उपकरण तथा औषधि उपलब्ध गराउनु
अपेक्षित प्रतिफल	• उच्च भेगीय रोगको रुग्णता र मानवीय क्षति कम भएको हुनेछ ।
कार्य सञ्चालन प्रकृया	• High Altitude Sickness उपचारका लागि आवश्यक औषधि तथा उपकरण खरिद गरी तालिम प्राप्त स्वास्थ्यकर्मीहरु कार्यरत स्वास्थ्य संस्थाहरुमा वितरण गर्ने

१४. सर्पदंश उपचार केन्द्रमा कार्यरत कर्मचारीहरूलाई तालिम/पुनर्ताजगी तालिम र उपचार केन्द्रमा सामाग्री खरिद तथा व्यवस्थापन

विषयवस्तु	विवरण
परिचय	सर्पले टोकेका व्यक्तिहरुलाई उपचार सेवा छिटो, छरितो र प्रभावकारी रुपमा समयमै उपलब्ध गराउन जिल्लाका विभिन्न स्वास्थ्य संस्थाबाट सर्पदंशको उपचार नियमित रुपमा संचालन गर्न तथा मध्यविन्दु अस्पताल, दमौली अस्पताल र स्याङ्जा अस्पताललाई सर्पदंश उपचारको रेफरल सेन्टरको रुपमा विकास गर्न र तनहुँ र स्याङ्जा जिल्लाका स्वास्थ्य संस्थाहरुमा समेत सर्पदंश उपचार केन्द्र स्थापनार्थ यो कार्यक्रम राखिएको हो ।
उद्देश्य	स्वास्थ्य संस्थाबाट प्रभावकारी सर्पदंशको उपचार सेवा उपलब्ध गराउनु ।
अपेक्षित प्रतिफल	सर्पले टोकेका व्यक्तिहरुलाई उपचार सेवा छिटो, छरितो र प्रभावकारी रुपमा समयमै उपलब्ध भएको हुनेछ ।
कार्य सञ्चालन प्रकृया	• सर्पदंश उपचारमा संलग्न चिकित्सक, नर्स, पारामेडिक्सलाई नदोहोरिने गरी ३ दिनको आधारभूत तालिम वा १ दिनको पुनर्ताजगी तालिम दिने • प्रशिक्षकको रुपमा सरकारी केन्द्रिय अस्पताल, प्रादेशिक अस्पताल तथा स्वास्थ्य सेवा विभाग साथै निजि अस्पताल, Nepal Toxinology Association तथा निजि संस्थामा समेत जनशक्ति उपलब्ध भएमा विशेषज्ञ आमन्त्रण गर्ने • सर्पदंशको सेवा निरन्तर गर्नका लागि आवश्यक पर्ने औषधि (IV saline, IV Canula, Inj. Hydrocortisone, IV set, Canula Fixer, Inj. adrenaline, Crepe Bandage, Oxygen cylinder, Ressuciation Set, Forceps), सामग्री तथा औजार-उपकरण खरिद गरी तालिम प्राप्त स्वास्थ्यकर्मीहरु कार्यरत स्वास्थ्य संस्थामा वितरण गर्ने • सरकारी निकाय बाहेक अन्यत्रबाट प्रशिक्षक माग गर्दा यातायात खर्च साथै दैनिक रु १०००। खाना बस्न र रु २०००। प्रशिक्षण खर्च नियमानुसार कर कट्टा गरी उपलब्ध गराउन सकिनेछ । • सर्पदंशको उपचार सेवाको उपलब्धताको बारे प्रचार-प्रसार गर्ने • सर्पदंश कार्यक्रमलाई निरन्तरता दिनको लागि सम्बन्धीत स्थानिय तहसँग समन्वय गर्ने • तालिम सञ्चालन गर्दा सकेसम्म सर्प उद्धारकर्ता भएको प्रदेश भित्रका जिल्लामा तालिम राखी सर्पका नमुना देखाउने र तालिमको समयमा सर्प उद्धारकर्तासँग समन्वय गरी सुरक्षित तरिकाबाट विभिन्न प्रकारका सर्प देखाई विषालु र विष नभएको सर्प सहभागीलाई चिनाउने

१५. नवलपरासी व.सु.पूको त्रिबेणी नाकाको Health Desk सञ्चालन

विषयवस्तु	विवरण
परिचय	गण्डकी प्रदेशको भारतसँग सिमा जोडिएको एक मात्र नाका नवलपरासी ब.सु.पूको त्रिबेणी नाका हो । सरुवा रोग तथा महामारीको अवस्थामा भारत बाट आउने मानिसहरुबाट डेंगु, मलेरिया, ईन्सेफलाईटिस जस्ता रोग यस प्रदेशमा आउन नदिन र सिमानामा स्क्रिनिङ गरी समयमा नै सतर्कता अपनाउन सिमा नाकामा हेल्थडेस्क स्थापना गर्नका लागि यो कार्यक्रम राखिएको हो ।
उद्देश्य	रोग नियन्त्रणमा सहयोग पुग्ने
अपेक्षित प्रतिफल	सरुवा रोग तथा महामारीको अवस्थामा भारत बाट आउने मानिसहरुबाट डेंगु, मलेरिया, ईन्सेफलाईटिस जस्ता रोगहरुको समयमै पहिचान र व्यवस्थापन हुनेछ ।
कार्य सञ्चालन प्रकृया	• विगतका वर्षमा नियुक्त भएका स्वास्थ्यकर्मीलाई कार्यसम्पादनका आधारमा सेवा करारमा निरन्तरता दिने • पद रिक्त भएमा कम्तिमा २ जना कर्मचारी ल्या.अ./ल्या.टे./हे.अ./अ.हे.व र स्टाफ नर्स/अ.न.मि "सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९" बमोजिम सेवा करारमा लिई बाँकि रकमबाट फर्निचर लगायत हेल्थ डेस्कका लागि आवश्यक सामग्री व्यवस्थापन गर्ने • स्वास्थ्य निर्देशनालयसँग समन्वय गरी अन्य कार्य गर्ने • स्थान व्यवस्थापनका लागि विनय त्रिवेणी गाउँपालिकासँग समन्वय गर्ने

१६. औषधि तथा औषधिजन्य सामग्रीहरुको Quantification & Forecasting कार्यशाला गोष्ठी

विषयवस्तु	विवरण
परिचय	Quantification भनेको एक निश्चित अवधिको लागि आवश्यक औषधि र औषधिजन्य सामग्रीको मात्रा र लागत अनुमान गर्ने प्रक्रिया हो । Forecasting वर्तमानको प्रयोगको आधारमा भविष्यमा उत्पन्न हुन सक्ने माग बुझ्नको लागि पूर्वानुमान हो । औषधि तथा औषधिजन्य सामग्रीहरुको Quantification & Forecasting ले जिल्ला तथा स्थानिय तहमा नि:शुल्क तथा सुचिकृत औषधिहरुको मौज्दात शुन्य हुन नदिने र आवश्यकतामा आधारित भई खरिद प्रकृया अवलम्बन गर्न मद्दत गर्ने हुँदा यो कार्यक्रम राखिएको हो ।
उद्देश्य	जिल्ला भित्र रहेका स्वास्थ्य संस्थाहरुमा आवश्यक सुचिकृत औषधि तथा औषधिजन्य सामग्रीहरुको पूर्वानुमान गर्नु
अपेक्षित प्रतिफल	जिल्लामा औषधि तथा औषधिजन्य सामग्रीहरुको वैज्ञानिक ढंगबाट Quantification & Forecasting भई स्थानीय तह र प्रदेशमा खरिद प्रक्रियामा सहजता आउनेछ ।
कार्य सञ्चालन प्रकृया	• स्थानिय तहबाट स्वास्थ्य शाखा प्रमुख र स्टोर हेर्ने कर्मचारी तथा जिल्लास्थित अस्पताल र आयुर्वेद औषधालय/स्वास्थ्य केन्द्र बाट १ - १ जनालाई सहभागी गराई १ दिने कार्यक्रम सञ्चालन गर्ने • विगतमा भएका खरिद कार्य, वितरण प्रणाली, eLMIS प्रयोग आदि कार्यहरुको समिक्षा गर्ने • सम्बन्धित निकायमा भएका गत वर्षका सुचिकृत औषधि तथा औषधिजन्य सामग्रीहरुको प्राप्त र खर्चको विवरण र गत वर्षमा सेवा लिन आएका सेवाग्राहीको विवरणको आधारमा आवश्यकता प्रक्षेपण गर्ने • औषधि तथा औषधिजन्य सामग्रीको समुचित प्रयोगको आधारमा खरिद योजना बनाउन स्थानीय तहलाई सहजीकरण गर्ने र सोही बमोजिम प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रलाई सिफारिस गर्ने

१७. मानसिक स्वास्थ्य सचेतना तथा पैरवी कार्यक्रम

विषयवस्तु	विवरण
परिचय	विश्व स्वास्थ्य सङ्गठनले मानसिक समस्यालाई साधारण तथा दैनिक आईपर्ने तनावहरू व्यवस्थापन गर्न कठिनाइ भई, दैनिक, घरायसी तथा समाजमा योगदान गर्न बाधा भएको अवस्था भनी परिभाषित गरेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको एक अध्ययन अनुसार, नसर्ने रोगहरूमध्ये १८ प्रतिशत हिस्सा मानसिक रोगको छ । अर्थात्, नसर्ने रोगहरूबाट उत्पन्न हुने समस्यामध्ये १८ प्रतिशत मानसिक रोगका कारण हुने गरेका छन् । नेपालमा पनि वार्षिक पाँच हजारभन्दा बढीले मानसिक अस्वस्थताका कारण आत्महत्या गर्ने गरेको पाइएको छ। कोरोना महामारीका कारण नेपालमा दैनिक सरदर १७ जनाले आत्महत्या गरेको तथ्याङ्क छ। पचास प्रतिसत भन्दा बढी मानसिक स्वास्थ्य समस्या चौध वर्षभन्दा कम उमेरबाटनै सुरु हुने देखिएकोले मानसिक स्वास्थ्य र समस्याको बारेमा विद्यार्थीहरुको चेतना अभिवृद्धी गर्न तथा बहुपक्षीय साझेदारीमा मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्न यो कार्यक्रम राखिएको छ।
उद्देश्य	• मानसिक स्वास्थ्य, समस्या र लागुपदार्थ दुर्व्यसनीको बारेमा विद्यार्थीहरुको चेतना अभिवृद्धी गरी स्वस्थ बानी व्यवहारको विकास गर्नु • स्थानीय तहमा मानसिक स्वास्थ्य सम्बन्धी पैरवी गर्नु
अपेक्षित प्रतिफल	• विद्यार्थीहरु शारीरिक, मानसिक, सामाजिक र आध्यात्मिक ढंगले स्वस्थ र सक्षम हुनेछन्। • स्थानीय तह मार्फत् मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राखी कार्यक्रमहरु सञ्चालन हुनेछन् ।
कार्य सञ्चालन प्रकृया	• जिल्ला अस्पतालको OCMC बाट मानसिक स्वास्थ्य सेवाग्राहीको विवरण तथा जिल्ला प्रहरी कार्यालयबाट आत्महत्या सम्बन्धी विवरण सङ्कलन गरी बढी घटना भएका स्थानीय तह/वडाहरुको एकिन गर्ने • सम्बन्धित वडामा वडाध्यक्ष लगायतका जनप्रतिनिधि, विद्यालयका शिक्षकहरु, नागरिक अगूवा, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी तथा अन्य सरोकारवालाहरु सहभागी गराई १ दिने पैरवी कार्यक्रम सञ्चालन गर्ने • सम्बन्धित वडाहरुमा रहेका विद्यालयमा विद्यार्थीहरु सहभागी गराई मानसिक स्वास्थ्य, योग, ध्यान, लागु पदार्थ आदिका बारेमा कक्षा संचालन गर्ने। मानसिक स्वास्थ्य सचेतना कार्यक्रम मानसिक स्वास्थ्य सम्बन्धी तालिम लिएका स्वास्थ्यकर्मी मार्फत सञ्चालन गर्नुपर्नेछ र प्रस्तुतीकरण सामाग्रीको लागि सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयसँग समन्वय गर्नुपर्नेछ। • मानसिक स्वास्थ्य सम्बन्धी महत्वपूर्ण दिवस मनाउने (आत्महत्या रोकथाम दिवस, मानसिक स्वास्थ्य दिवस, अल्जाईमर दिवस)

१८. स्वास्थ्य कार्यालयमा कोल्डरुम सञ्चालन एवं व्यवस्थापनका लागि Cold Chain Assistant [चौथो तह]-१ जनशक्ति व्यवस्थापन

विषयवस्तु	विवरण
परिचय	स्वास्थ्य कार्यालयहरुमा खोप तथा खोपजन्य सामाग्रीहरुको भण्डारण आपूर्ति व्यवस्थापन तथा कोल्डचेन व्यवस्थापनका लागि हाल तोकिएका कर्मचारीहरु नभएका स्वास्थ्य कार्यालयहरुमा र स्थानीय तहमा रहेका सब सेन्टरहरुलाई समेत सुदृढीकरण गरी खोप, कोल्डचेन तथा खोप जन्य सामाग्री व्यवस्थापनका लागि यो कार्यक्रम राखिएको हो।
उद्देश्य	• प्राप्त भ्याक्सिन तथा खोपजन्य सामाग्रीको माग, आपूर्ति प्रणाली व्यवस्थापन, संचालन तथा सहजीकरण गर्नु • कोल्डरुमहरुको प्रभावकारी व्यवस्थापन तथा संचालन गर्नु • खोप तथा भ्याक्सिनसंग सम्बन्धित कार्यहरुको अभिलेख तथा प्रतिवेदन गर्नु
अपेक्षित प्रतिफल	• कोल्डरुमहरुको प्रभावकारी व्यवस्थापनका साथ गुणस्तरीय खोप सेवा सेवा संचालनका लागि जिल्लाबाट प्राविधिक सहजीकरण भएको हुनेछ। • भ्याक्सिन तथा खोपजन्य सामाग्रीहरुको अभिलेख प्रतिवेदन चुस्त दुरुस्त रहेको हुनेछ।
कार्य सञ्चालन प्रकृया	• खोप सेवा निरन्तर संचालन गर्नु पर्ने भएकोले आर्थिक वर्षको सुरुमा नै "सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९" बमोजिम कोल्ड चेन असिस्टेन्ट (चौथो तह) करार सेवामा कर्मचारी भर्ना गर्ने • सेवा करार/करारमा कर्मचारी लिँदा अवलम्बन गर्नुपर्ने मापदण्डहरु: १.न्युनतम शैक्षिक योग्यता: • CMA कोर्ष उत्तीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्नेछ। २.प्राथमिकता दिनुपर्ने आधारहरु: • विगत देखि खोप सेवामा संलग्न भई कार्य गरेको अनुभव प्राप्त व्यक्ति। • स्वास्थ्यकर्मीका लागि प्रदान गरिएको खोप सम्बन्धि र अन्य स्वास्थ्य सेवा सम्बन्धि तालिम लिएको। ३.करार सेवा कर्मचारीको मुख्य जिम्मेवारी: • भ्याक्सिन तथा खोप जन्य सामाग्रीहरुको भण्डारण वितरण तथा अभिलेख र प्रतिवेदन राख्ने।

<table>
<tr><th>विषयवस्तु</th><th>विवरण</th></tr>
<tr><td></td><td>

फ्रिज तथा रेफ्रिजेरेटरहरुको सरसफाई, दिनमा कम्तिमा २ पटक तापक्रम अनुगमन र सो को अभिलेख तथा प्रतिवेदन गर्ने ।
कोल्डचेन आकस्मिक योजना, भ्याक्सिन प्राप्ति तथा वितरण योजना बनाई योजना अनुसार खोप तथा खोप जन्य सामग्री वितरण र ढुवानीको व्यवस्थापन गर्ने ।
स्वास्थ्य कार्यालयको निर्देशनमा खोपसँग सम्बन्धित तालिम,गोष्ठी, बैठकहरु संचालन व्यवस्थापन तथा सहजीकरणमा सहयोग गर्ने ।
आवश्यकताका आधारमा स्थानीय तहहरुमा प्राविधिक सहजीकरण गर्ने ।
जिल्लाभरीको खोप कार्यक्रमको प्रगति समायोजन विश्लेषण र पृष्ठपोषण कार्यमा सहयोग गर्ने ।
स्वास्थ्य कार्यालयले दिएको अन्य कार्य र करार सम्झौता समोजिमका कार्यहरु गर्ने ।

४.पारिश्रमिक रकम:

प्रदेश स्वास्थ्य सेवाको सहायक चौथो तहको मासिक तलब स्केल बराबरको रकम भुक्तानी गर्ने साथै नियमानुसार चाडवाड खर्च र पोषाक भत्ता भुक्तानी गर्ने

करार सेवामा लिएको व्यक्तिलाई सम्बन्धित स्वास्थ्य कार्यालयमा अथवा कार्यालयले आवश्यक ठानेमा उपयुक्त सब सेन्टरमा समेत खटाउन सक्नेछ । कार्य सम्पादन सन्तोषजनक भएमा र बजेट तथा कार्यक्रममा व्यवस्था भएमा अर्को आर्थिक वर्षमा पनि निजको सेवा निरन्तर गर्न सकिनेछ ।
</td></tr>
</table>

१९. स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धिका लागि CPHE(Continuing Public Health Education) कार्यक्रम

विषयवस्तु	विवरण
परिचय	जनस्वास्थ्य र रोग नियन्त्रण जस्ता सार्वजनिक स्वास्थ्यका क्षेत्रहरू निरन्तर विकसित भइरहेका छन् र स्वास्थ्य सेवा प्रणालीमा निरन्तर नवीनतम तथ्य एवं प्रमाणहरू प्रमाणित भई कार्यान्वयनमा आएका हुन्छन् । निरन्तर शिक्षाको आदानप्रदानले स्वस्थ्यकर्मीसँग नवीनतम ज्ञान र उत्कृष्ट अभ्यासहरू सुनिश्चित गर्दछ । Continuing Public Health Education (CPHE) को माध्यमबाट त्यस्ता नवीनतम जानकारी आदान-प्रदान गरी स्वास्थ्य कार्यालय तथा विभिन्न स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुको ज्ञान र सीप गरी स्वास्थ्य सेवा गुणस्तरीय बनाउन यो कार्यक्रम राखिएको हो ।
उद्देश्य	जनस्वास्थ्य क्षेत्रसँग सम्बन्धित समय सान्दर्भिक विषयवस्तुमा केन्द्रित रहेर स्वास्थ्यकर्मीहरुमा नवीनतम ज्ञान, सीप, धारणा र दक्षताको अभिवृद्धि गर्नु
अपेक्षित प्रतिफल	नियमित रुपमा Continuing Public Health Education (CPHE) सञ्चालन भई स्वास्थ्यकर्मीहरुको ज्ञान, सीप, धारणा र दक्षताको अभिवृद्धि भई गुणस्तरीय सेवा प्रवाह भएको हुनेछ ।
कार्य सञ्चालन प्रकृया	• स्वास्थ्य कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीका लागि नियमित रूपमा स्वास्थ्य क्षेत्रका विभिन्न विषयहरू जस्तैः अन्तर्राष्ट्रिय, राष्ट्रिय, स्थानीय स्वास्थ्य समस्या, संस्थाको आवश्यकता, समसामयिक विषय, e-HMIS/e-LMIS, जिल्लाको स्वास्थ्य तथ्यांक विश्लेषण, प्रविधिमैत्री स्वास्थ्य सेवा संचालन, आदि विषयमा भौतिक रुपमा वा अनलाइन प्रस्तुतिकरण गर्ने • विभिन्न निकाय/संस्थाहरुद्वारा आयोजित तालिममा सहभागी भएका स्वास्थ्य कार्यालय तथा स्थानीय स्वास्थ्य संस्थाका कर्मचारीले तालिम सम्पन्न गरी सो बारे प्रस्तुतीकरण यस कार्यक्रममा गर्न सक्नेछन् वा सम्बन्धित विज्ञलाई समेत आमन्त्रण गर्न सकिनेछ । • प्रत्येक त्रैमासिकमा कम्तिमा एउटा CPHE सेसन सञ्चालन गर्नुपर्नेछ र एउटा CPHE सेसनको समयावधि १ देखि ३ घण्टा सम्मको हुनसक्नेछ । • कार्यक्रमका लागि आवश्यक शैक्षिक सामाग्री तथा खाजाका लागि प्रचलित मापदण्ड बमोजिम खर्च गर्न सकिनेछ ।

विषयवस्तु	विवरण
	• कार्यक्रम सञ्चालन पश्चात छुट्टै अभिलेख / निर्णय पुस्तिका राखी उक्त अभिलेख/निर्णय पुस्तिकामा तपसिल बमोजिमको कुराहरू समावेश गरी कार्यालय प्रमुखबाट प्रमाणित गरी राख्नुपर्नेछ । ➢ विधि ➢ मिति, समय स्थान, ➢ प्रस्तुतीकरणको विषयवस्तु, ➢ मुख्य सवाल र छलफलको सार, ➢ प्रस्तुतकर्ताको नाम, थर र पद, ➢ उपस्थित सहभागीको विवरण । • CPHE को सहजकर्तालाई एउटा CPHE सेसन लिए बापत भत्ता रु. १,०००/- (एक हजार) उपलब्ध गराउने • अत्यावश्यक विषयको बारेमा जिल्लाभित्र विज्ञ नभएमा बाहिरबाट विज्ञ बोलाएर पनि CPHE गर्न सकिनेछ । यसरी बाहिरबाट सहजकर्ता बोलाउँदा सहजकर्ताको सेवासुविधा नियमानुसार उपलब्ध गराउन सकिनेछ ।

२०. महामारी एवं बिपतमा रोग नियन्त्रण र उपचारका लागि औषधि तथा औषधि जन्य सामग्रीको बफर स्टक व्यवस्थापन

विषयवस्तु	विवरण
परिचय	महामारी/विपद् कुनै पनि समय र स्थानमा हुन सक्ने भएकोले भौतिक तथा मानवीय क्षति हुनसक्ने जोखिमलाई न्यूनीकरण गर्न महामारी तथा विपद्को पूर्व तयारी आवश्यक हुन्छ । महामारीको रोकथाम तथा नियन्त्रणको लागि औषधि र औषधिजन्य सामग्रीको बफर स्टक व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो ।
उद्देश्य	महामारी एवं विपद्को अवस्थामा रोग नियन्त्रण र उपचारका लागि औषधि तथा औषधि जन्य सामग्रीको बफर स्टक व्यवस्थापन गर्नु
अपेक्षित प्रतिफल	महामारी एवं विपद्को अवस्थामा रोग नियन्त्रण र उपचारका लागि औषधि तथा औषधि जन्य सामग्रीको उपलब्धता हुनेछ ।
कार्य सञ्चालन प्रकृया	महामारी/विपद्को पूर्वतयारी र प्रतिकार्यको लागि आवश्यक First Aid Kit, औषधि, रिएजेन्ट, परिक्षण किट तथा अन्य सामाग्रीको सूची तयार गरी जिल्लाको आवश्यकता अनुसार खरिद गर्ने